# राजविराज नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## प्रदेश नं. २, नेपाल

## कार्यालय सञ्चालनको सामान खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६।०४।२१ गते

यस कार्यालय प्रयोजनको लागि चालु आ.व. २०७६/७७ को लागि तपसिल बमोजिमको कार्यालय सञ्चालनको सामानहरू शिलबन्दी दरभाउपत्रबाट खरिद गर्नुपर्ने भएको हुँदा इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्थाहरूबाट देहायका शर्तहरूको अधिनमा रही रु. १०/- को टिकट टाँसी शिलवन्दी दरभाउपत्र पेश गर्नु हुन सूचना आह्वान गरिन्छ ।

**<u>शर्तहरू:</u>**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन (२०७६।०५।०३ गते) सम्ममा दरभाउपत्र फारम यस कार्यालयको स्टोर शाखाबाट एउटा दरभाउपत्र फारमको रु. १०००/- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिने छ ।

२. शिलवन्दी दरभाउपत्र खरिद गर्दा आधिकारिक निवेदन साथ निम्न प्रमाणित कागजातहरू संलग्न हुनुपर्नेछ ।

(क) इजाजत प्राप्त उत्पादक वा सप्लायर्स फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) आ.व. २०७४/०७५ को लागि नविकरण भएको पत्रको प्रमाणित प्रतिलिपि ।

(ग) स्थायी लेखा नम्बरको प्रमाणित प्रतिलिपि ।

(घ) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) आ.व. २०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(च) प्रोप्राइटर स्वयम् उपस्थित हुन नसकेमा निजको आधिकारिक मञ्जुरीनामा लिई आउने प्रतिनिधिले प्रोप्राइटरको सही छाप (रेखात्मक र लेखात्मक) भएको सक्कलै मञ्जुरीनामा र प्रतिनिधिको नागरिकताको प्रमाणित प्रतिलिपि समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

३. खरिद गरिएको शिलवन्दी दरभाउपत्र १६औं दिन (२०७६।०५।०४ गते) दिनको १२:०० बजेसम्ममा रु. १०/- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

४. रितपूर्वक पेश भएका शिलवन्दी दरभाउपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६औं दिन (२०७६।०५।०४ गते) दिनको २:०० बजे शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलवन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

५. रित नपुगेको र म्याद नाघि आएको शिलवन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

६. शिलवन्दी दरभाउपत्र दाताले आफूले खरिद गरेको शिलवन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको शिलवन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन । साथै शिलवन्दी दरभाउपत्रमा कुनै शर्त राखि पेश गरेमा मान्य हुने छैन ।

७. शिलवन्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक विदा परेमा उक्त कार्य सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८. रित नपुगेको शिलवन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन । साथै शिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि कार्यालयले तोकेको अवधि भित्र इजाजत प्राप्त उत्पादक वा सप्लायर्स फर्मले कवोल गरेको रकमको सप्लाई कार्य गर्न नसकेमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम कारबाही हुनेछ ।

९. शिलवन्दी दरभाउपत्र दाताले आफुले कवोल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम राजविराज नगरपालिका कार्यालयको राजश्व शाखामा जम्मा गरि त्यसको सक्कलै रसिद वा रा.वा. बैंक लिमिटेडमा रहेको राजविराज नगरपालिकाको खाता नं. २१८०३०४०१८१०८ मा नगद जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट बैंकिङ्ग कारोबार गर्न इजाजत प्राप्त "क" वर्गका वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरेको कम्तिमा ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

१०. दररेट पेश गर्दा अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ, दररेट अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

११. पेश भएका शिलवन्दी दरभाउपत्र आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ र सबैभन्दा घटी दरभाउपत्र कवोल गर्नेको शिलवन्दी दरभाउपत्र एकमुष्ट स्वीकृत गरिनेछ ।

१२. शिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको शिलवन्दी दरभाउपत्र फारम मात्र खरिद गर्नुपर्नेछ र सोही फारमको प्रत्येक पानामा शिलवन्दी दरभाउपत्रदाताले व्यवसायी फर्म वा संस्थाको छाप र दस्तखत गरी पेश गर्नु पर्नेछ ।

१३. एउटा आपूर्तिकर्ता व्यवसायी फर्म वा संस्थाले खरिद गरेको शिलवन्दी दरभाउपत्र फारम अर्को फर्म वा संस्थाले दाखिला गर्न पाउने छैन, यदि सो अनुसार भएको पाइएमा निजको शिलवन्दी दरभाउपत्र फारम प्रतिस्पर्धामा समावेश गराइने छैन । साथै शिलवन्दी दरभाउपत्र कुनै शर्त राखी पेश गरेमा मान्य हुनेछैन ।

१४. शिलवन्दी दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपि प्रचलित कानून अनुसार नोटरी पब्लिक कार्यालयबाट प्रमाणित भएको हुनुपर्नेछ ।

१५. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१६. दरभाउपत्रदाताले आपूर्ति गर्नुपर्ने सामानको लागत अनुमान भन्दा १५% सम्म कम अङ्क कबुल गरेमा कबुल अङ्क को ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कबोल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटी कबोल गरेको सोको ५०% ले हुन आउने रकम र कबोल अङ्कको ५% मा थप गरि सम्झौता गर्नुपर्ने छ ।

१७. अन्य आवश्यक कुराहरू बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी बुझ्न सकिने छ ।

## कार्य विवरण

| क्र.सं. | खरिद सम्बन्धी विवरण | अनुमानित अङ्क (मू.अ.कर बाहेकको रकम) | धरौटी रकम | खरिद गर्ने अन्तिम मिति | दर्ता गर्ने अन्तिम मिति | खोल्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | कार्यालय सञ्चालनको सामान खरिद सम्बन्धी दरभाउपत्र | रू. १७,७९,००५ | रू. ४५,००० | २०७६ भाद्र ३ गते | २०७६ भाद्र ४ गते दिनको १२:०० बजे | २०७६ भाद्र ४ गते दिउँसो २:०० बजे |